

# अध्याय २

# शुरुवात गर्दा



एउटा बच्चाले जन्मे देखि नै सिक्न शुरु गर्छ। सुरुको पाँच वर्षमा, उसले आफ्नो जीवनको अरु समयमा भन्दा बढी सीपहरु थोरै समयमा सजिलोसँग सिक्न सक्छ। तसर्थ, प्रारम्भिक सहयोगका क्रियाकलापहरु जति सक्दो छिटो शुरु गर्नु महत्वपूर्ण हुन्छ।

तपाईलाई आफ्नो बच्चालाई यी क्रियाकलापहरु सिकाउन कसरी शुरु गर्ने भनेर अपठ्यारो पर्न सक्छ। प्रारम्भिक क्रियाकलाप शुरु गर्न सहयोगी र आवश्यक सूचना राखी तयार पारिएको यस अध्यायले निम्न कुराहरुमा सहयोग पुऱ्याउनेछ :

- यस पुस्तकमा उपलब्ध जानकारीहरुको उचित प्रयोग गर्न
- कुन क्रियाकलाप पहिला गर्ने भन्ने निर्णय लिन
- विभिन्न क्रियाकलापहरुलाई तपाईको परिवारको दैनिक जीवनमा समावेश गर्न।

## यो पुस्तकले कसरी मद्दत गर्न सक्छ ?

यस पुस्तकमा, हामी तपाईलाई क्रियाकलापहरु गर्नुपर्ने कारणहरु, विचारहरु र सल्लाहहरु दिन्छौं। तपाई यो पुस्तक निम्न कुराका लागि प्रयोग गर्न सक्नुहुन्छ :

- अन्धोपन तथा बाल विकासको बारेमा बढी जानकारी लिन
- प्रत्येक क्रियाकलाप गर्नुपर्ने कारणहरु जान्न। यसले तपाईलाई एउटै लक्ष्य भएका अन्य क्रियाकलापहरु बनाउन सजिलो हुन्छ।
- दृष्टि समस्या भएका बच्चाका अरु अभिभावकहरुले आफ्ना बच्चाहरुलाई कसरी हुर्काए भन्ने बारे सिक्न
- तपाई र तपाईको बच्चाका लागि सबैभन्दा बढी उपयुक्त हुने सिकाइ क्रियाकलापहरुको विकास गर्न र अपनाउन।

## कुन क्रियाकलाप मैले पहिले गर्नु पर्छ ?

अभिभावकहरुले प्राय:जसो आफ्नो बच्चाका लागि प्रारम्भिक सहयोग क्रियाकलापहरुको योजना बनाउन विशेष तालिम लिनुपर्छ भन्ने ठान्छन्। तर कुरा यसो होइन। अभिभावक भएकाले, तपाईले आफ्नो बच्चाका बारे अरुले भन्दा बढी राम्रोसँग बुझ्नुहुन्छ। कुन क्रियाकलाप पहिले गर्ने भन्ने बारे निर्णय लिनुपर्दा तपाईले आफूलाई निम्न प्रश्नहरु गर्नु होस्:

**मेरो बच्चाले गर्न नसक्ने तर उसको उमेरका अरु बच्चाले गर्न सक्ने के त्यस्ता कुनै क्रियाकलापहरु छन् ?**




यदि यस्तो छ भने, शायद तपाईको बच्चालाई यस्तो सीपका लागि विशेष सहयोगी सिकाइको आवश्यकता हुन्छ। यस्तो सिकाइले सीप सिकाउछ र अरु बच्चा सरह हुन मद्दत गर्दछ।

**मेरो बच्चाको विकासको बारेमा मैले विशेष ध्यान दिनु पर्ने कुन कुन क्षेत्रहरु छन् ?**

तपाईको बच्चा अरु बच्चा भन्दा पछि परेको क्षेत्र कुन हो वा तपाई र तपाईको परिवारका लागि विशेष महत्वपूर्ण विकासका क्षेत्रहरु कुन कुन हुनसक्छन् ती क्षेत्रहरु नै तपाईका लागि विशेष ध्यान दिनु पर्ने क्षेत्रहरु हुन सक्नेछन्।




बच्चाले कुन उमेरमा के कस्तो नया सीपहरु सिक्न सक्दछ, थप जानकारीका लागि बाल विकास तालिका (पृष्ठ १७६ देखि १८३ सम्म) हेर्नुहोस्।

## सहयोगी क्रियाकलापहरुको खोजी

आफ्नो बच्चालाई मद्दत गर्नु पर्ने क्षेत्र पहिचान गरेपछि, यस पुस्तकको कुन अध्यायमा कुन विकासका क्षेत्रहरुबारे जानकारी दिइएको छ भन्ने कुरा थाहा पाउन विषय सूची हेर्नुहोस् । हरेक अध्यायमा तपाईको बच्चालाई नयाँ सीपहरु सिकाउन मद्दत गर्ने जानकारी र क्रियाकलापहरु छन् । उदाहरणका लागि:







हरेक अध्यायको पहिलो क्रियाकलापले बच्चालाई उसको विकासक्षेत्रमा सबैभन्दा सजिलो सीप सिक्न मद्दत गर्छ । एकपटक बच्चाले यी सीपहरु सिकेपछि, उसले यो भन्दा कठिन सीपहरु सिक्न सक्छ, जुनवारे पछिका अध्यायमा उल्लेख गरिएकोछ । तपाईको बच्चाले पुस्तकमा उल्लेखित केही सीपहरु पहिले नै जानेको छ भने, तपाईले त्यसपछिका अरु सीपहरु सिकाउन थाल्नु होस् । तर, यस सम्बन्धी कुनै सीपहरु जानेको छैन भने, तपाईले शुरुको अध्यायबाट नै सिकाउन सुरु गर्नु पर्दछ ।

तपाईले सकेसम्म पुस्तकमा दिइएको क्रमअनुसार नै क्रियाकलाप गर्न थाल्नुहोस् । यो महत्वपूर्ण कुरा हो, किनभने बच्चाले क्रमानुसार सीप सिक्छ । तपाईले बच्चाले सिक्ने सजिलो सीपहरु सिकाउनु भन्दा पहिले उसलाई सिक्न सक्ने भन्दा बढी विकसित सीपहरु सिकाउने प्रयास गर्नु हुदैन । यसो गर्नु भयो भने त्यो तपाई र तपाईको बच्चाको लागि निराशाजनक हुनेछ ।

### मैले यी क्रियाकलापहरु मेरो परिवारको दैनिक जीवनमा कसरी समावेश गर्ने ?

प्रारम्भिक सहयोगका क्रियाकलापहरु गर्दा तपाईले थप कार्य गर्नु नपर्ने गरी कसरी गर्न सकिन्छ भन्ने तरिकावारे सोच्नु ज्यादै महत्वपुर्ण हुन्छ । आफ्नो दैनिक क्रियाकलापलाई अनुभवजन्य सिकाइ बनाउँदै, आफ्नो बच्चालाई सिकाउने गर्दा सजिलो हुनुका साथै तपाईले थप समय पनि दिनुपर्दैन ।



*बच्चा र तपाई बाहिरफेर गएका बखत आएका आवाज र गन्धका बारेमा बच्चालाई बताउनुहोस्।*



*आफुले गरिरहेको कामका बारे बताउनुहोस्।*

## यी क्रियाकलापहरु गर्न धेरै व्यक्तिहरुले सहयोग गर्न सक्छन् ।

यी क्रियाकलापहरुमा परिवारका सदस्यहरु, छिमेकी र साथीभाईहरुलाई पनि सहभागी हुन प्रोत्साहन गर्नुहोस् । तपाईका आफन्त र छिमेकीहरुले सहयोगी हुन इच्छुक हुन चाहे पनि कसरी मद्दत गर्न सकिन्छ भन्ने बारे थाहा नहुने हुनालेसहयोग गर्न हिचकिचाइरहेको हुन सक्छन् । तपाईले उनीहरुलाई दृष्टि-समस्या बारेको तपाईंको सिकाइ, तपाई र तपाईको बच्चाले गरिरहेका क्रियाकलापहरु र ती क्रियाकलापहरु गर्नुका कारणहरुबारे बताउनुहोस् ।




बच्चाहरुलाई सहयोग गर्ने तरिकाबारे सिकायो भने उनीहरुले पनि मद्दत गर्न सक्छन् । उनीहरुलाई आफ्नो खेलमा दृष्टिहिन बच्चालाई कसरी समावेश गर्न सकिन्छ बताउनुहोस् । त्यसपछि उनीहरुलाई नयाँ तरीकाहरु खोजी गर्न प्रोत्साहन गर्नुहोस् ।

